# Invitation for Bids

## रामधुनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

झुम्का, सुनसरी

प्रदेश नं. १

प्रथम पटक प्रकाशित मिति : २०७५।११।०९

१ नम्बर प्रदेश सरकारको सशर्त अनुदान अन्तरगतको तथा रामधुनी नगरपालिका वाट विनियोजित आ.ब. ०७५।०७६ मा स्वीकृत कार्यक्रम अन्तरगत तपसिलका निर्माण कार्यहरू शिलबन्दि वोलपत्रको माध्यम द्वारा खरिद गर्नु पर्ने भएको हुदा नेपाल सरकारको ईजाजत प्राप्त निर्माण व्यवसायिहरूवाट निम्न शर्तहरूको अधिनमा रहि शिलबन्दि वोलपत्रको माध्यम वाट बोलपत्र पेश गर्न हुन सम्बन्धित सबैको जानकारीकोलागि यो सुचना प्रकाशित गरिएकोछ ।

**शर्त तथा बन्देजहरु :**

१. तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने) नगद बुझाई नगदि रसिद वा नगदै बैक दाखेला यस कार्यालयकोनामा रहेको एन.आई.सि.एसिया बैक लिमिटेड झुम्काको खाता नं. ८९४१४९८०५८५२४००५ मा जम्मा गरेको सक्कले भौचर निर्माण व्यवसायिले व्यवसायि नविकरण गरेको ईजाजत पत्र, आयकर तथा मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ताको प्रमाणपत्र संलग्न राखि रामधुनी नगरपालिका कार्यालय, झुम्का वाट यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औ दिन सम्म खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएका बोलपत्र फारमहरु उल्लेख भएका सबै विवरणहरु रितपुर्वक भरि बोलपत्र दाताले प्रत्येक पन्नामा सहीछाप गरी कामको विवरण , बोलपत्रदाताको नाम, ठेगाना र फोन नम्वर समेत स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहाछाप गरी प्रथम पटक सुचना प्रकाशन भएको मितिले ३१ औ दिन दिउसो १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गरि सक्नुपर्नेछ ।

३. दर्ता भएको बोलपत्र सोहि दिन दिनको २ बजे कार्यालयको प्रतिनिधिहरु र बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा हुने छैन् ।

४. बोलपत्र बिक्रि तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु विदाको लगतै पछि कार्यालय खुलेको दिन खोलिनेछ ।

५. शिलबन्दि बोलपत्र साथ जमानत वापत NIC Asia झुम्का शाखा ९८४१४९८०५८५२४००५ मा रकम जम्मा गरि सक्कल बैक भौचर वा नेपाल सरकार वाट बिड बाण्ड जारी गर्न सक्ने ईजाजत प्राप्त क वर्गको बैकहरु बाट बोलपत्र दर्ता गर्ने अन्तिम मिति वाट यस कार्यालयको नाममा जारी भएको कम्तिमा १२० दिनको म्याद रहेको जमानी पत्र (Bid Bond) पेश गर्नु पर्ने छ । तर बोलपत्र नं. रामधुनी १३।०७५।०७६ को हकमा ९० दिन हुनु पर्नेछ ।

६. बोलपत्र दाताले बोलपत्रमा दररेट भर्दा मुल्यअभिवृद्धि कर र कन्टनजेन्सी बाहेको दररेट उल्लेख गर्नु पनेछ । बोलपत्रमा प्रत्येक आईटमवाईज दर अंक र अक्षर दुवै स्पष्ट लेख्नु पर्ने छ ।अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँमा बोलपत्रदाताको सही छाप भएको हुनु पर्ने छ ।

७. शिलबन्दि बोलपत्रका अन्य कागजातमा (भाषागत समेत) त्रुटी भएमा वा विषय प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनैबेला सच्याउन बाधा पर्ने छैन । कार्यालयको हितलाई ध्यानमा राखि सबै बोलपत्र कुनै कुरा जनाई वा नजनाई पुरा वा आशिक रुपमा स्वीकृति गर्ने नगर्ने वा सुचना नै रद्ध गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. रित नपुगी वा म्याद नाघी र कुनै शर्त राखी पेश हुन आएका बोलपत्रहरु मान्य हुनेछैन ।

९. यस सुचनामा उल्लेख नभएका कुराहरुको हकमा स्थानिय सरकार संचालन ऐन, २०७४, सार्वननिक खरिद ऐन, २०६३ (संशोधन सहित) तथा नियमावली २०६४ (संशोधन सहित) एवम अन्य प्रचलित ऐन नियम तथा प्रदेश सशर्त अनुदान प्रदान गर्ने सम्बन्धि कार्यविधि, २०७५ (प्रदेश सशर्तको हकमा) वमोजिम हुनेछ ।

१०. यो सुचना रामधुनी नगरपालिका, नगर कार्यपालिकाको website : www.ramdhunimun.gov.np मा समेत राखिएकोछ र www.bolpatra.gov.np वाट Online टेन्डर भर्न सकिने छ (टेन्डर नं. ८ देखि १२ कोलागि मात्र )।
११. वोलपत्र स्वीकृत भएपछि परफरमेन्स बण्ड वापत बोलपत्र दाताले कबोल गरेको अंकको नियमानुसार हुने रकम यसै सुचनाको बुदा नं. ५ मा उल्लेखित खातामा नगद जम्मा गरेको सक्कल बैक भौचर वा यस कार्यालयका पक्षमा न्यूनतम कार्य सम्पन्न गर्नु पर्ने अबधि भन्दा कम्तीमा १३ महिना बढीको म्याद राखि जारी गरेको बैंक जमानी पत्र पेश गर्नु पर्ने छ ।
१२. कामको गुणस्तर स्वीकृत स्पेसिफिकेशन अनुसार हुनुपर्नेछ । बोलपत्र दाताले निर्माण स्थल र सम्पादन गर्ने कामको सम्बन्धमा राम्रो संग बुझि दररेट भरेको मानिनेछ ।
१३. कुनै एउटा फर्मबाट खरिद गरिएको बोलपत्र अर्को फर्म बाट दाखिला गर्न पाईने छैन ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | ठेक्का विवरण र संचालन हुने स्थान | ल.ई. रकम२ कन्टनजेन्सी र भ्याट बाहेकको रकम रू. | धरौटि रकम रू | वोलपत्र मुल्य | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | रामधुनी ८।०७५।०७६ | लगुना चोक देखि कुमरखत खोला हुदै धरान जोडने सडक ( स्तरोन्ती) कालोपत्र सडक | १,१०,१६,९५०।०० | २,७५,५००।०० | ३०००।०० | १ नं. प्रदेश सरकार सर्शत कार्यक्रम |
| २. | रामधुनी ९।०७५।०७६ | वडा कार्यालय भवन निर्माण, वडा नं.– ०२ | २३,३३,२९७।०० | ५८,५००।०० | ३०००।०० | नगर स्तरिय कार्यक्रम । |
| ३. | रामधुनी १०।०७५।०७६ | वडा कार्यालय भवन निर्माण, वडा नं.– ०४ | २३,३३,२९७।०० | ५८,५००।०० | ३०००।०० | नगर स्तरिय कार्यक्रम । |
| ४. | रामधुनी ११।०७५।०७६ | वडा कार्यालय भवन निर्माण, वडा नं.– ०७ | २३,३३,२९७।०० | ५८,५००।०० | ३०००।०० | नगर स्तरिय कार्यक्रम । |
| ५. | रामधुनी १२।०७५।०७६ | वडा कार्यालय भवन निर्माण, वडा नं.– ०९ | २३,३३,२९७।०० | ५८,५००।०० | ३०००।०० | नगर स्तरिय कार्यक्रम । |
| ६. | रामधुनी १३।०७५।०७६ | ल्याण्ड फिल साइट जाने बाटो निर्माण तथा व्यवस्थापन | ५,१७,६१८।०० | १३,०००।०० | १०००।०० | नगर स्तरिय कार्यक्रम । |

प्रमुख प्रशासकिय अधिकृत
रामधुनी नगरपालिका